# कसरी बाइबल अध्ययन गर्ने?

**(जे.सी. चोएट्)**

के तपाईले बाइबल पढ्नु भएको छ? बाइबल एउटा ठूलो पुस्तक हो । यसको विचार र सन्देशलाई बुझ्न खोज्दा निकै चुनौतीको समना गर्नुपर्छ । म तपाईलाई केही जानकारी र दिशानिर्देशनहरु दिन चाहन्छु जसले बाइबल बुझ्ने प्रक्रियालाई सरल बनाउँछ ।

पहिलो, बाइबलको दावीलाई परमेश्वरको अधिकारसँग बोल्ने कुरालाई हामीले स्थापना गर्नु पर्छ, पढ्ने र पालन गर्नेहरुको जीवनलाई निर्देशित गर्नुपर्छ । २ तिमोथी ३:१६,१७ ले घोषणा गर्दछ: "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"

धर्मशास्त्रका लेखकहरुले "प्रेरणा" द्वारा लेखेको दाबी गर्दछ । "परमप्रभुको वचन मकहाँ आयो..." (इजकिएल १८:१०) भन्ने प्रायः कथनहरु हुन्थ्यो । यो दावीको सत्यता यस तथ्यबाट प्रमाणित हुन्छ कि सम्पूर्ण बाइबल लगभग १५०० वर्षको अवधिमा करिब ४० जना पुरुषहरुद्धारा लेखिएको थियो, तापनि पहिलो पुस्तकदेखि अन्तिम पुस्तकसम्म एउटै सुसंगत सन्देश छ, यसमा कुनै विरोधाभास छैन् । पहिलो पुस्तक उत्पति, परमेश्वरको स्वर्गलोक-अदनको बगैचामा मानिसको सुरुवाट हुन्छ, र अन्तिम पुस्तक, त्यो संगतीमा मानिसको स्थापनासँग समाप्त हुन्छ । यो एकता यस तथ्यको बावजुद प्राप्त भएको थियो कि सायद कुनै लेखकहरु एकैसाथ बसेनन्, र अरुको लेखनमा धेरैको पहुँच थिएनन् । हामीलाई निर्देशन दिइएको छ: "शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर" (२ तिमोथी २:१५) ।

## पुरानो नियम र नयाँ नियम

हामीले कसरी बाइबललाई सही रुपमा विभाजन गर्छौं? पहिलो, बाइबलमा पुरानो नियम र नयाँ नियम दुई प्रमुख भागहरु छन् भन्ने कुरालाई हामी याद गर्छौं । करार भनेको एउटा इच्छा वा सम्झौता हो । यो अवस्थामा करारहरु परमेश्वर र उहाँका जनहरु बीचमा हुन्छन् ।

## पितापूर्खाको युग

पुरानो करारमा ३९ वटा पुस्तकहरु छन्, जसले विश्वको इतिहासमा दुई प्रमुख समय अवधिहरुलाई समावेश गर्दछ । पहिलो संक्षिप्त इतिहास- पितापूर्खाको युग- उत्पतिको पुस्तकमा दिइएको छ । यस युगमा, परमेश्वरले उहाँप्रति इमान्दार रहेका परिवारका पिताहरु (कूलपतिहरु) सँग प्रत्यक्ष व्यवहार गर्नुभयो ।

उत्पति १:१ ले भन्छ, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।" उत्पतिका अध्यायहरुले मानिसको सृष्टि, पापमा उसको पतन, उसको तत्कालिन सन्तानहरु र संसारका मानिसहरुसित अनाज्ञाकारिताको वृद्धि भएको बारे बताउँछ ।

उत्पति अध्याय ६-८ मा नोआ नाम गरेको मानिसको धार्मिकता, उनी र उनको परिवार र सबै प्राणी जीवनको प्रतिनिधित्वलाई पृथ्वीमा आउन लागेको जलप्रलयबाट बचाउनको निम्ति उनलाई एउटा जहाज बनाउन दिइएको निर्देशनहरु पढ्न पाउँछौं । विश्वव्यापी जलप्रलयको विवरण केवल दन्त्यकथा बाहेक अरु केही पनि होइन भनी आजका विश्वासीहरुले भन्दछन् । त्यो दावीको प्रत्यक्ष विरोधमा, संसारभर छरिएका पुरातन सभ्यताहरुको अभिलेखमा २०० भन्दा बढी बाढीका कथाहरु छन् । यद्यपि यी विवरणहरुका लेखकहरुले एक-अर्काको इतिहासहरुमा पहुँच पाएका थिएनन् । बाइबलीय अभिलेखसँग सम्झौताका धेरै विशिष्ट विवरणहरु छन् । उत्पति ११ अध्यायले संसारका मानिसहरुको धर्मनिरपेक्ष इतिहासले पुष्टि गरेको एउटा विस्तृत "राष्ट्र तालिका" को सूचीबद्ध गर्दछ ।

## मोशाको युग

उत्पति १२ अध्यायमा परमेश्वरले कल्दिको ऊर शहरका अब्राहाम नाम गरेको व्यक्तिसँग करार स्थापना गर्नुभएको पढ्न पाउँछौं । उनको सन्तानद्वारा पृथ्वीका सबै जातिहरुले आशिष पाउनेछन् भनी प्रतिज्ञा गरियो (उत्पति १२:३) । आफ्नै जातिको रुपमा इस्रायलीहरुलाई एउटा राष्ट्को रुपमा बोलाउनुभयो जसद्वारा येशू ख्रीष्टको जन्म भएको थियो ।

प्रस्थानको पुस्तकदेखि अन्तिम पुस्तक मलाकीले केवल अब्राहामका सन्तानहरुसँग परमेश्वरले गर्नुभएको व्यवहारको अभिलेख मात्र बताउँदैनन्, तर हामी त्यहाँ परमेश्वरको पुत्र, येशू ख्रीष्टको व्यक्तित्वमा प्रतिज्ञा गरिएका मुक्तिदाताको आगमनबारे धेरै भविष्यवाणीहरु भेट्टाउँछौं ।

बाइबलमा पुरानो नियमको अंश महत्वपूर्ण छ । किनभने यसले हामीलाई मानिससँग परमेश्वरको व्यवहारको

४,००० वर्षको सही ऐतिहासिक अभिलेख प्रदान गर्दछ; यसले हामीलाई परमेश्वरको स्वभाव र उहाँका जनहरुका लागि उहाँका इच्छाहरुबारे अझ बढी बुझ्न मद्दत गर्छ। यसले हामीलाई भविष्यवाणीका कथनहरु प्रदान गर्दछ जुन तिनीहरु पूरा हुनुभन्दा सयौं वर्ष अघि गरिएको थियो। यी तथ्यहरुलाई ध्यानपूर्वक अध्ययन गरेर बाइबल साँच्चै परमेश्वरको वचन हो भनी प्रमाणित गर्दछ। यस संसारमा बाँच्न र भविष्यमा अमरत्वको प्रतिज्ञाको लागि हाम्रो मार्गदर्शकको रुपमा हामी यसलाई विश्वास गर्न सक्छौं।

## ख्रीष्टियान युग

धर्मशास्त्रमा नयाँ भएकाहरुका लागि, सन्देशको आधारभूत बुझाइको निम्ति एउटा सुत्र उत्पतिको पहिलो १२ अध्यायहरु पढेर सुरु गर्नुपर्छ, त्यसपछि नयाँ नियममा जानु पर्छ। नयाँ नियमबाट हामी यो निष्कर्षमा पुग्नु पर्छ कि यो आज लागू भएको करार हो। नयाँ नियमको पहिलो चार पुस्तकहरु (मत्ती, मर्कूस, लूका र यूहन्ना: ख्रीष्टको जीवनीका चार अभिलेखहरु) ले येशूको जन्म, जीवन, शिक्षा, मृत्यु, गडाई र पुनरुत्थान बारे पुरानो करारमा गरिएका भविष्यवाणीहरु पूरा भएको बताउँछ। यो व्यक्ति २,००० वर्ष अगाडी एउटा सानो देशमा गरिब आमाबाबुको लागि जन्मेका थिए, र जो अज्ञानी पूर्वक कूसमा मृत्यु भयो, उहाँको त्यस्तो मृत्यु कहिल्यै सुनिएको थिएन्। तर, आज उहाँले संसारमा प्रभुत्व जमाउनु भएको छ। हाम्रो अंग्रेजी पात्रोहरु पनि उहाँको जन्मदेखि नै मिति भएको छ। यो रहस्यमय व्यक्ति को थियो र को हो? उहाँको बारेमा अगमवाणीहरुले भनेका थिए, "तिमी मेरा पुत्र हौ, आज मैले तिमीलाई जन्माएको छु" (भजन संग्रह २:७; हिब्रू १:५)। यो ईश्वरत्व "सबै कुरामा उहाँका भाइहरु जस्तै बनाइएको" (हिब्रू २:१७), शारीरिक रुप धारण गरेर मानिसलाई यसको सृष्टिकर्ता परमेश्वरबाट अलग गर्ने पापहरुका लागि सिद्ध बलिदानको रुपमा मर्नुभयो।

चिहानबाट ख्रीष्टको पुनरुत्थानको अध्ययन पश्चात, तपाईले उहाँको आत्मिक परिवार, ख्रीष्टको मण्डलीको शुरुवाट बारे प्रेरितको पुस्तकमा पढ्नुहुनेछ। उहाँलाई आफ्नो मुक्तिदाताको रुपमा विश्वास गर्नेहरुले पापमय जीवनबाट फर्केर उहाँलाई परमेश्वरको पुत्रको रुपमा आफ्नो विश्वास स्वीकार गरी उहाँलाई चिहानमा गाडिएको स्वरुपमा पानीमा डुबाइयो, र उहाँमा नयाँ जीवनमा हिड्न पुनरुत्थान गरियो। नयाँ नियमको बाँकी खण्डमा मण्डलीको विकास र ख्रीष्टको साथमा ख्रीष्टियानहरुको परिपक्वता सम्बन्धी निर्देशनहरु दिएका छन्।

## बाइबलको अन्तिम पुस्तक प्रकाश हो।

प्रकाशको पुस्तकमा धेरै जसो भविष्यवाणी छ। विश्वासीहरुलाई नयाँ स्वर्ग र नयाँ पृथ्वीमा परमेश्वरसँग सदकाल रहनको लागि ख्रीष्ट फर्कनुहुनेछ भन्ने प्रतिज्ञा प्रकाश २०-२२ अध्यायहरुमा छन्।

**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस्।**
**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**
**मोबाइल: ९८४३०५२०९४**
Voice of truth international
votinepal@gmail.com

# कसरी बाइबल अध्ययन गर्ने?

**जे.सी चोएट्**

